# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. ०७४/७५ प्र.शा. मिति : २०७४/०९/०३

च.नं. ३८८२

श्री वडा कार्यालयहरु सवै,

भरतपुर महानगरपालिका ।

विषय : निर्णयको प्रतिलिपि पठाईएको ।

प्रस्तुत विषयमा यस भरतपुर महानगरपालिका नगरकार्यपालिकाको मिति २०७४/०८/२९ गते वसेको वैठकको निर्णय प्रतिलिपि पाना ३ (तीन) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ ।

वोधार्थ :

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका । जानकारीको लागी ।

श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका । जानकारीको लागी ।

श्री सूचना शाखा,

भरतपुर महानगरपालिका । (उक्त निर्णय महानगरपालिकाको Website मा राख्नु हुन)

श्री ........................शाखा,

भरतपुर महानगरपालिका । (आवश्यक कार्यार्थ)

(रोम बहादुर महत)

शाखा अधिकृत

**शाखा अधिकृत**

...57, 521467, 530062, ...951, 522252, Fax. ... 0014
bmc@ntc.net.np ... bharatpur...

निर्णय नं. १

चितवन जिल्लामा २०७४ साल मंसीर २१ गते सम्पन्न भएको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा देहाय अनुसारका उम्मेदवारहरुले विजय प्राप्त गर्नु भएकोमा यस भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालय परिवार उहाहरुको सफल कार्यकालको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

तपसिल :

**प्रतिनिधि सभातर्फ**

| सि.नं. | नाम, थर | क्षेत्र नं. |
|---|---|---|
| १. | श्री पुष्पकमल दाहाल (प्रचण्ड) | ३ |
| २. | श्री कृष्ण भक्त पोखरेल | २ |
| ३. | सुरेन्द्र प्रसाद पाण्डे | १ |

**प्रदेश सभातर्फ**

| सि.नं. | नाम, थर | क्षेत्र नं. |
|---|---|---|
| १. | कृष्ण प्रसाद भुर्तेल | ३ (क) |
| २. | रामलाल महतो | ३ (ख) |
| ३. | घनश्याम दाहाल (अविनाश) | २ (क) |
| ४. | विजय सुवेदी | २ (ख) |
| ५. | दावा दोर्जे लामा | १ (क) |
| ६. | कृष्ण प्रसाद शर्मा खनाल | १ (ख) |

निर्णय नं. २

यस भरतपुर महानगरपालिका नगरकार्यपालिकाको नगर सभा सम्पन्न गर्न देहाय बमोजिम कार्य तालिका स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | कार्य विवरण | समय | कैफियत |
|---|---|---|---|
| १. | वजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा वजेट सिलिङ्ग वडामा दिने | २०७४/०९/०३ | |
| २. | वजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा वडाबाट योजना पेश गर्ने । | २०७४/०९/०५ गते सम्म | |
| ३. | वजेत तथा कार्यक्रम तर्जुमा समितिको पहिलो बैठकमा वडा बाट प्राप्त योजना तथा कार्यक्रमहरु पेश | २०७४/०९/०७ गते | कम्तिमा दिनमा दुई पटक बैठक बस्ने |
| ४. | विषय क्षेत्रगत समितिको बैठकमा योजना तथा कार्यक्रमहरुको छलफल तथा सिफारिस | २०७४/०९/०८ देखि २०७४/०९/१२ | कम्तिमा दिनमा दुई पटक बैठक बस्ने |
| ५. | वजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकमा विषय क्षेत्रगत समितिबाट सिफारिस भएका योजना तथा कार्यक्रमहरु पेश | २०७४/०९/१३,१४,१५ र १६ गते | कम्तिमा दिनमा दुई पटक बैठक बस्ने |
| ६. | नगर कार्यपालिकाको बैठक | २०७४/०९/१८ गते | |
| ७. | नगर सभा | २०७४/०९/२१ देखि २३ गते सम्म | |

निर्णय नं. ३

यस भरतपुर महानगरपालिका नगरकार्यपालिकाका क्षेत्रमा आ.व. २०७३/७४ मा जिल्ला समन्वय समितिको कार्यालय चितवन मार्फत अन्य पूर्वाधार विकास कार्यक्रम ब.उ.शि.नं.३६५८२७४ (पूंजिगत) बाट थप अनुदान प्राप्त भई संचालित ११(एघार) वटा सडक कालो. पत्रे योजनाहरु आंशिक कार्य भई अधुरा रहन गई यस वर्ष उक्त योजनाहरु सञ्चालन हुन नसके थप रकम को व्यय भार बढ्न जाने भएकोले जिल्ला समन्वय समितिको कार्यालय चितवनको प्राप्त पत्र अनुसार ठेक्का सम्झौता भए बमोजिम साविकको ठेक्काको महानगरपालिकाबाट म्याद थप गरि यस कार्यालयमा योजना हस्तान्तरण गर्न लेखि पठाई देहायका अधुरा योजनाहरु यस महानगरबाट कार्यन्वयन गर्ने निर्णय गरियो ।

तपसिल :

| सि.नं. | योजनाको नाम | २०७३/७४ को स्वीकृत वजेट | २०७३/७४ मा खर्च रकम | हालको अवस्था | योजना सम्पन्नका लागि वजेट रकम |
|---|---|---|---|---|---|
| १. | शुक्रनगर, मेघौली सडक | १,९९,००,०००।- | ४६,११,६०५।- | प्राइम राखेको | १,५२,८८,३९५।- |
| २. | टाउन जगतपुर राप्ती पुल सडक | १,९९,००,०००।- | ३९,७४,६००।- | प्राईम राखेको | १,५९,२५,४००।- |
| ३ | जगतपुर कसरा चोक धुवंघाट, पर्साढाप सडक | १,००,००,०००।- | २२,१६,३७०।- | प्राइम राखेको | ७७,८३,६३०।- |
| ४. | चनौली, गोलाघाट सडक | १,५०,००,०००।- | ७,३२,३०७।- | ग्रडीङ्ग गरी लेभल मिलाएको | १,४२,६७,६९३।- |
| ५. | त्रिचोक, धर्मचोक सडक | ८०,००,०००।- | १८,८१,८९८।- | वेश राख्ने काम सम्पन्न | ६१,१८,१०२।- |
| ६. | पार्वतिपुर, विजयचोक ,जगतपुर सडक (प्राइम भएको) | १,५०,००,०००।- | ६०,००,८२९।- | प्राइम राखेको | ८९,९९,१७१।- |
| ७. | गीतानगर, चनौली कृष्णलाल चोक (चनौली) | १,५०,००,०००।- | ५७,८५,८८१।- | प्राइम राखेको | ९२,१४,११९।- |
| ८. | शिवनगर दाहाल चोक देखि रिगालचोक हुवै गोपालगंज सडक | ३०,००,०००।- | ६,२९,०००।- | प्राइम राखेको | २३,७१,०००।- |
| ९. | कपिया देखि भोला चोक सडक | ४०,००,०००।- | २६,१७,०००।- | प्राइम राखेको | १३,८३,०००।- |
| १० | मंगलपुर, फुलवारी, शिवनगर सडक | १,८०,००,०००।- | ८१,६२,०८५।- | प्राइम राखेको | ९८,३७,९१५।- |
| ११. | हुलाकी सडकको पटिहानी धनौजी सडक (माडी जाने मूल सडक) | १,४५,००,०००।०० | ४३,७८,५००।- | वेश राख्ने काम सम्पन्न | १,०१,२१,५००।- |
| | | १४,२३,००,०००।- | ४,०९,९०,०७५।०० | | १०,१३,०९,९२५।- |

साथै उपभोक्ता समिति मार्फत जि.स.स.बाट सञ्चालन भएका देहायका योजनाहरु समेत महानगरबाट सञ्चालन गर्ने समेत निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | २०७३/७४ को स्वीकृत वजेट | २०७३/७४ मा खर्च रकम | हालको अवस्था | योजना सम्पन्नका लागि वजेट रकम |
|---|---|---|---|---|---|
| १. | वीरेन्द्र क्याम्पस पछाडी ७ वटा टोल एकिृत पिच तथा ढल निर्माण आयोजना, भरतपुर-१० | ८०,००,०००।- | १४,८०,०००।- | १७०० मीटर मध्ये १२०० मीटर लम्बाई काम हुँन बाँकी | ६५,२०,०००।- |
| २. | नारायणी नदी तटवन्धन गरी चक्रपथ सहितको सडक (कालोपत्रे) निमार्ण वडा नं. ५ देखि ज्ञानेश्वर सामुदायिक वन तर्फ डि.पि. आर. तयार गरी निर्माण गर्ने | ५०,००,०००।- | १२,११,०००।- | २ कि.मि. ग्रावेल भएको,कालोपत्रे गर्ने काम बाँकी | ३७,८९,०००।- |
| ३. | भरतपुर वडा नं. १ ठीमुरा देवघाट रामनगर धार्मिक पर्यटक मार्ग निर्माण | ४०,००,०००।- | २७,८५,५००।- | ६० प्रतिशत काम सम्पन्न भई ४० प्रतिशत काम हुन बाँकी | १२,१४,५००।- |

सुशिलाद३रानि

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | देवीटार कुसुमटार सडक विस्तार तथा मर्मत,कविलास | ३०,००,०००।- | २४,८९,५००।- | करिव ७५ प्रतिशत काम सम्पन्न भै २५ प्रतिशत काम हुन बाँकी | ५,१०,५००।- |
| ५. | भरतपुर १ नं. रामनगर ठिमुरा हुदै देवघाट सडक कालोपत्रे | ३०,००,०००।- | १४,३८,२००।- | करिव ४२ प्रतिशत काम सम्पन्न भै ५८ प्रतिशत काम हुन बाँकी | १५,६१,८००।- |
| ६. | शिवनगर दाहालचोकबाट उत्तर गोपालगञ्ज मिलनचोक सम्म सडक कालोपत्रे, भरतपुर१५ | ३०,००,०००।- | ६,२९,०००।- | प्राईम कार्य भैसकेको,५३० मीटर कालोपत्रे (प्रिमिक्स कार्पेट) काम बाँकी | २३,७१,०००।- |
| ७. | हुलाकी सडक बरौजी देखि धनौजी सडक कालोपत्रे, भरतपुर १४ | २०,००,०००।- | ६,३७,०००।- | वेशकोर्षको काम भैसकेको, कालोपत्रे ( प्रिमिक्स कार्पेट) काम बाँकी | १३,६३,०००।- |
| ८. | थप अनुदान युवा तथा खेलकुद शिर्षक तर्फ | ५०,००,०००।- | १९,६१,०००।- | जगको काम भएको अन्य काम बाँकी | ३०,३९,०००।- |
| | जम्मा | | १,२६,३१,२००।- | | २,०३,६८,८००।- |

निर्णय नं. ४

स्थानीय स्वायत्त शासन ऐन, २०५५ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (पाचौं संसोधन २०६९ सहित) को नियम, २१३ क (१) मा व्यवस्था भए बमोजिम २०६४ असोज मसान्त सम्म नियुक्ति भई अविछिन्न रुपमा कार्यरत कर्मचारीहरुका लागि आन्तरिक प्रतिस्पर्धात्मक परीक्षाबाट रिक्त दरवन्दीमा पदपूर्ति गर्नका लागि मिति २०६९/१२/०७ गते प्रकाशित सूचना अनुसारका पदमा विविध कारणवस लिखित परीक्षा सञ्चालन नभएकोमा उम्मेद्धवारहरुले उच्च अदालत पाटन, हेटौंडा इजलासमा परमादेश मुद्दा दायर गरि ईजालस समक्ष पेश भई मिति २०७४/०३/२८ गतेको फैसला बमोजिम "सूचना बमोजिका पदमा परीक्षा सञ्चालन गर्ने लगायतका प्रकृयाहरु यथाशिघ्र अघी बढाउनु" भनि परमादेश जारी भएकोले पदपूर्ति समितिको निर्णय अनुसार लिखित एवम् अन्य प्रकृया सञ्चालनका लागि लोक सेवा आयोगलाई अनुरोध गरी उक्त आयोगबाट लिखित परीक्षा सञ्चालन भएकामा नतिजा प्रकाशन गर्ने क्रममा निर्वाचन आचार संहिता लागू भएको र निर्वाचन आयोग संग सहमति माग गरि लिखित नतिजा प्रकाशन गरिएको र अर्न्तवार्ता तथा अन्तिम नतिजा प्रकाशन निर्वाचन पश्चात गर्नु भन्ने सहमति प्राप्त भएकोले सोहि बमोजिम मिति २०७४/०८/२७ गते कम्प्यूटर सिप परिक्षण र अर्न्तवार्ता भई पदपूर्ति समितिको मिति २०७४/०८/२७ गतेको सिफारिस अनुसार देहाय बमोजिमका पदमा निम्न उम्मेद्धवारहरुलाई मिति २०७४/०९/०२ गते देखि लागु हुने गरी स्थायी नियुक्ति दिने निर्णय गरियो ।

तपसिल :

| पद | तह | संख्या | नाम,थर | कैफियत |
|---|---|---|---|---|
| सूचना अधिकृत | अधिकृत स्तर छैठौं | १(एक) | श्री मेनका पण्डित | |
| सब-इन्जिनियर | सहायक स्तर पाचौं | १(एक) | श्री राम प्रसाद भट्टराई | |
| ना.सु. | सहायक स्तर पाचौं | २(दुई) | श्री अनिता श्रेष्ठ<br>श्री जयराम भण्डारी | |
| खरिदार | सहायक स्तर चौंथो | २(दुई) | श्री बुद्धि सागर न्यौपाने<br>श्री अरुण थापा | |

निर्णय नं. ५

गणतन्त्र नेपालका प्रथम प्रधान मन्त्री एवं ने.क.पा. (माओवादी केन्द्र) का अध्यक्ष श्री पुष्पकमल दाहाल (प्रचण्ड) र पार्टी केन्द्रीय सल्लाहकार सदस्य श्री सीता दाहालका सुपुत्र तथा भरतपुर महानगरपालिकाका प्रमुख श्री रेनु दाहालका प्रिय भाई ने.क.पा. माओवादी केन्द्रका पोलिटव्यूरो सदस्य कुशल व्यवस्थापक युवा नेता श्री साकार दाहाल (प्रकाश) को मिति २०७४ मंसीर ३ गते ३६ वर्षमा अल्पायू मै असामयिक निधन भएकोमा भरतपुर महानगरपालिका स्तव्ध भएको छ । यस दुखद घडीमा स्वर्गीय आत्माको चिर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

सुशिलाद३रानि